नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना**
**आयोजना निर्देशकको कार्यालय, ललितपुर**

# स्टार्ट-अप अनुदानका लागि संयुक्त प्रोफाईल पेश गर्ने सूचना

प्रकाशन मिति:२०७९/११/०९

१. नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयले विश्व बैंकको आर्थिक सहयोगमा नेपालका ५ वटा आर्थिक कोरिडरहरु अन्तर्गत ६ वटा प्रदेशका ३५ जिल्लाका १७१ वटा स्थानीय तहहरुमा ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना संचालन गरिरहेको छ ।

२. आयोजनाले आयोजनाको स्टार्ट-अप अनुदान संचालन म्यानुअल, २०७९ को प्रावधान अनुसार सक्षम उत्पादक संस्था र खरिदकर्ताहरुलाई उत्पादनमूलक साझेदारीमा उप-आयोजना संचालन गर्न अनुदान उपलब्ध गराउने उद्देश्यले संयुक्त प्रस्ताव आव्हानको लागि यो सूचना प्रकाशन गरिएको छ ।

३. **आयोजना लागु भएका जिल्ला तथा स्थानीय तहहरुः**

३.१ **आर्थिक कोरिडोर कार्यालय धनकुटा अन्तर्गतका जिल्ला तथा स्थानीय तहहरु**

**पाँचथर:**फालेलुङ, याङवरक, हिलिहाङ,फिदिम; **तेह्रथुम:**आठराई, फेदाप, म्याङलुङ, लालीगुराँस; **धनकुटा:**छथरजोरपाटी, धनकुटा, महालक्ष्मी, पाख्रिबास; **भोजपुर:**अरुण, पौवादुङ्मा, टेम्केमैयुङ, भोजपुर; **खोटाङ:**रावा बेसी, साकेला, हलेसी तुवाचुङ, दिक्तेल रुपाकोट मझुवागढी; **ओखलढुङ्गा:**मानेभञ्याङ; **उदयपुर:**कटारी,**सिन्धुली:**गोलन्जोर, फिक्कल; **रामेछाप:** खाँडादेवी, सुनापति, मन्थली; **काभ्रेपलाञ्चोक:**भुम्लु, चौरीदेउराली; **सिन्धुपाल्चोक:**इन्द्रावती, मेलम्ची, चौतारा साँगाचोकगढी; **नुवाकोट:**लिखु, म्यागङ, पञ्चकन्या, शिवपुरी, बिदुर; **धादिङ:**नेत्रावती डबजोङ, त्रिपुरासुन्दरी, नीलकण्ठ

३.२ **आर्थिक कोरिडोर कार्यालय बर्दिवास अन्तर्गतका जिल्ला तथा स्थानीय तहहरु**

**सप्तरी:**अग्निसाइर कृष्णासवरन, रुपनी, तिरहुत, बलान-बिहुल, राजगढ, विष्णुपुर, महादेवा, राजविराज, हनुमाननगर कंकालिनी, कञ्चनरूप, खडक, शम्भुनाथ, सुरुङ्गा, बोदेबरसाइन, डाक्नेश्वरी;**सिरहा:**नरहा, औरही, नवराजपुर, बरियारपट्टी, भगवानपुर, अर्नमा, मिर्चैया, धनगढीमाई, गोलबजार, कर्जन्हा, लहान, सिरहा; **धनुषा:**कमला, सबैला, धनुषाधाम, गणेशमान-चारनाथ, सहिदनगर, मिथिला, विदेह, जनकपुर; **महोत्तरी:**पिपरा, महोत्तरी, सम्सी, सोनमा, एकडारा, बर्दिबास, गौशाला, जलेश्वर, मनरा सिस्वा, रामगोपालपुर ; **सर्लाही:**बागमती, गोडैता, ब्रह्मपुरी,कौडेना, रामनगर, पर्सा, हरिवन, ईश्वरपुर, लालबन्दी, बलरा, मलंगवा; **रौतहट:**गुजरा, वृन्दावन, चन्द्रपुर, गढीमाई, गौर, मौलापुर, परोहा, राजदेवी, राजपुर, **बारा:**पचरौता, फेटा, आदर्श कोतवाल, बारागढी, प्रसौनी, सिम्रौनगढ, कोल्हवी, निजगढ, महागढीमाई, जितपुर-सिमरा, कलैया; **पर्सा:**बिन्दबासिनी, जगरनाथपुर, जिराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी, ठोरी, बहुदरमाई, वीरगन्ज ।

३.३ **आर्थिक कोरिडोर कार्यालय बुटवल अन्तर्गतका जिल्ला तथा स्थानीय तहहरु**

**गोरखा:**आरुघाट, भीमसेन थापा, सिरानचोक, बारपाक सुलिकोट, पालुङटार; **लमजुङ:**मध्यनेपाल, राईनास, सुन्दरबजार; **कास्की:**माछापुच्छ्रे, मादी, रुपा, अन्नपूर्ण, पोखरा; **पर्वत:**मोदी, कुश्मा; **बागलुङ:**वडिगाड, काठेखोला, निसीखोला, बागलुङ, ढोरपाटन, गल्कोट;**दाङ:**राप्ती; **अर्घाखाँची:**शीतगंगा; **प्यूठान:**ऐरावती, माण्डवी, सरुमारानी, प्यूठान, स्वर्गद्वारी; **रोल्पा:**सुनिलस्मृति, रोल्पा ।

३.४ **आर्थिक कोरिडोर कार्यालय डडेल्धुरा अन्तर्गतका जिल्ला तथा स्थानीय तहहरु**

**कैलाली:**चुरे, गोदावरी, धनगढी; **डोटी:**जोरायल; **डडेल्धुरा:**अजयमेरु, गन्यापधुरा,नवदुर्गा,आलिताल, अमरगढी; **बैतडी:**सुर्नया, डिलासैनी, दोगडाकेदार, पाटन; **दार्चुला:**दुहुँ, मालिकार्जुन, शैल्यशिखर, महाकाली ।

४. **"उत्पादनमुलक साझेदारी"**भन्नाले उत्पादक संस्थाहरू (समूह, सहकारी र उत्पादन संघहरु) र खरिदकर्ता बीचको उत्पादित वस्तुको खरिद विक्रीलाई व्यवस्थित गर्न गरिएको सान्दर्भिक, उत्पादनमुलक र दीगो सहकार्य हो जसले साझेदारहरुको आम्दानी वृद्धी गर्न तथायस्तो सहकार्यसंग सम्बन्धित प्राविधिक, व्यापारिक, वित्तिय र सामाजिक जोखिम न्युनिकरण गर्ने उद्देश्य राखेको हुन्छ । **उत्पादनमूलक साझेदारीका लागि** एउटा उत्पादक संस्था र कम्तीमा एउटा खरिदकर्ता हुनुपर्दछ।

५. **उत्पादक संस्थाहरुको लागि न्यूनतम योग्यता**

(क) उत्पादक संस्था नयाँ वा पुरानो दुवै हुन सक्छ, जसमा देहाय बमोजिमका संस्थाहरु पर्दछन् -

१. कृषक समूह,

२. सहकारीहरू(जसमा उत्पादक सहकारी र बाली, पशुधन, गैर-काठ वन उत्पादनहरू (NTFP) र औषधीय र सुगन्धित बिरुवा (MAP) उत्पादन र/वा प्रशोधनसँग सम्बन्धित उद्देश्यका साथ गठन भएका बहुउद्देश्यीय सहकारीहरू पर्दछन्)

३. बाली, पशुधन, NTFPरMAPs को उत्पादन र/वा प्रशोधनमा संलग्न उत्पादक संघहरू

(ख) उत्पादक संस्थाहरुमा कानूनी हैसियत प्राप्त गरेका कृषक समूह, सहकारी वा उत्पादक संघहरु पर्दछन् ।

(ग) उत्पादक संस्थाहरु तथा तिनको कार्यक्षेत्र आयोजना कार्यान्वयन भएका स्थानीय तहहरु हुनुपर्दछ ।

(घ) उत्पादक संस्थाका उप-आयोजना कार्यान्वयनमा प्रत्यक्ष रुपमा सहभागी सदस्यहरु प्रस्तावित उप-आयोजनाको क्षेत्रका वासिन्दा हुनुपर्नेछ ।

(ङ) उप-आयोजनामा प्रत्यक्ष रुपमा सहभागी हुन चाहने सम्बन्धित उत्पादक संस्थाका सदस्यहरुको कम्तिमा ०.१ हेक्टर (२ रोपनी/३ कठ्ठा) जग्गा भएको हुनुपर्दछ । साथै उनिहरु एकाघरका सदस्यहरु हुनुहुँदैन । कुनै उत्पादक संस्थावाट उप-आयोजनामा संलग्न हुन चाहने सदस्यहरु कम्तिमा १५ जना हुनुपर्दछ । सहभागी सदस्यहरुको नजिकका नातेदार तथा आफन्तहरु सहभागी हुन सक्नेछन् तर उनिहरुलाई सहभागी संख्यामा गणना गर्ने प्रयोजनका लागि गणना गरिने छैन ।

(च) उप-आयोजना संचालनको लागि प्रस्ताव पेश गर्न चाहने उत्पादक संस्था तथा उक्त उप-आयोजनामा प्रत्यक्ष रुपमा सहभागी हुन चाहने उत्पादक संस्थाका सदस्यहरु कर वा ऋण बक्यौतामा रहीकुनै वित्तीय संस्था वा सरकारी एजेन्सीहरू द्वारा कालोसूचीमा नपरेको हुनुपर्छ ।

(छ) उप-आयोजनामा प्रत्यक्ष रुपमा सहभागी हुन चाहने उत्पादक संस्थाका सदस्यहरुसंग उप-आयोजना कार्यान्वयनको लागि गरिएको सम्झौता बमोजिम आवश्यक पर्ने न्यूनतम श्रोत साधन भएको हुनुपर्छ ।

(ज) यदि **सहकारी र उत्पादक संघले कुनै** व्यवसाय गरिरहेको छ भने उक्त व्यवसाय घाटामा सञ्चालन भएको हुनुहुँदैन जुन उक्त संस्थाहरुको वासलातमा प्रतिविम्बित भएको हुनुपर्दछ । साथै उक्त संस्थाहरुले कर चुक्ता प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ । तर एक आर्थिक बर्ष पुरा नगरेको सहकारी र उत्पादक संघको हकमा यो अनिवार्य छैन

६. **खरिदकर्ताको लागि आवश्यक न्यूनतम योग्यता**

(क) खरिदकर्ता स्थानीय, क्षेत्रीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा कार्यरत जो पनि हुन सक्छ।

(ख) यदि खरिदकर्ता व्यवसायिक संस्थाको रूपमा रहेको छ भने सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्छ । तर यो प्रावधानले उत्पादक संस्थासंगउत्पादनमूलक साझेदारी गर्न अनौपचारिक खरिदकर्तालाई निशेध गरेको मानिने छैन

(ग) खरिदकर्ता उत्पादनमूलक साझेदारीमा उल्लेख गरिएको वा त्यस्तै प्रकृतिको वस्तु खरिद वा प्रशोधन वा वजारिकरणमा संलग्न भएको हुनुपर्छ ।

(घ) खरिदकर्ता कुनै किसिमको कर वा ऋण बक्यौतामा रही कुनै वित्तीय संस्था वा सरकारी एजेन्सीद्वारा कालोसूचीमा परेको हुनुहुँदैन ।

७. **अनुदानको दायरा**

संयुक्त प्रोफाईलवाट छनौट भएका आवेदकहरुले आयोजनाको सहयोगमा व्यावसायिक योजना र उप-आयोजना प्रस्ताव तयार गर्नेपर्नेछ । उत्पादक संस्थाहरुलाई उप-आयोजनामा उल्लेख भए अनुसार उप-आयोजनाको कूल वजेटको ५० प्रतिशत अनुदान उपलब्ध हुनेछ । बाँकी ५० प्रतिशत आवेदक संस्थाले नगदमै व्यहोर्नुपर्नेछ ।

८. यदि उत्पादक संस्था र खरिदकर्ताले संयुक्त रुपमा आवेदन पेश गर्न नसकेको अवस्थामा समेत उत्पादक संस्थाले आवेदन पेश गर्न सक्नेछन् । आयोजनाले खरिदकर्ता र उत्पादक संस्थाहरु पहिचान गरी संयुक्त प्रोफाईल तयार गर्न सहयोग गर्नेछ ।

९. **आवेदन प्रक्रियाः** कार्यक्रममा सहभागी हुन योग्यता पुगेका ईच्छुक उत्पादक संस्था र खरिदकर्ताहरुले संयुक्त रुपमा वा छुट्टा-छुट्टै रुपमा आयोजनको स्टार्ट-अप अनुदान संचालन म्यानुअल, २०७९ को अनुसूची ३ बमोजिमको ढाँचामा (जुन यस आयोजनाको वेवसाईटः https://reed.moald.gov.np/मा उपलब्ध छ) विवरण तयार गरी सम्बन्धित आर्थिक कोरिडोर कार्यालयमा आवेदन दिन सकिनेछ ।

१०. **अनुदान कार्यान्वयन व्यवस्थाः** छनौट भएका संयुक्त प्रोफाईलहरुको व्यवसायिक योजना तयारीमा आयोजनाले सहयोग गर्नेछ ।व्यावसायिक योजना छनौट भएमा सम्झौता भई उप-आयोजना कार्यान्वयनामा लगिनेछ । उप-आयोजना प्रस्तावमा उल्लेख भएका चरणमा कार्यसम्पादन प्रगतीको आधारमा अनुदान रकम उपलब्ध गराइने छ ।

११. **पेश गर्ने म्याद र स्थानः** मिति २०८० जेठ ९ गते कार्यालय समय भित्र सम्बन्धित आर्थिक कोरिडोर कार्यालयमा आवेदन पेश गर्नुपर्नेछ । अनलाईन आवेदन पेश गर्न चाहेमा सम्बन्धित आर्थिक कोरिडोर कार्यालयको इमेल ठेगानामा समेत आवेदन दिन सकिनेछ ।

१२. **आवेदन पेश गर्न सकिने आर्थिक कोरिडोर कार्यालयहरुको नाम, ठेगाना र इमेल**

| | |
|---|---|
| आर्थिक कोरिडोर कार्यालय ,पाखिबास, धनकुटा र सम्पर्क कार्यालय धुलिखेल, काभ्रे<br>इमेल com.gmail@reedecodhankuta:<br>सम्पर्क नं. ०२६-४०५१७१, ०११-६६५६०४ | आर्थिक कोरिडोर कार्यालय,बुटवल, रुपन्देही र सम्पर्क कार्यालय पोखरा, कास्की<br>इमेल com.gmail@45reedecobutwal:<br>सम्पर्क नं. ०७१-४२२०१७, ४२२१२७ |
| आर्थिक कोरिडोर कार्यालय,बर्दिबास, महोत्तरी<br>इमेल com.gmail@bardibas.reed:<br>सम्पर्क नं. ०४४-५५०७४८, ५५०७२४ | आर्थिक कोरिडोर कार्यालय ,डडेल्धुरा<br>इमेल com.gmail@dadeldhura.reed:<br>सम्पर्क नं. ०९६-५९०९९१, ५९०९९२ |

१३. **आवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु:**

(क) संयुक्त प्रोफाईल पेश गरेको आवेदन

(ख) संस्थाको विधान

(ग) संयुक्त प्रोफाइलमा दस्तखत् गर्न र पेश गर्न कुनै सदस्यलाई अधिकार प्रत्यायोजन गरेको पत्र

(घ) आवेदन पेश गर्न र अधिकार प्रत्यायोजन सम्बन्धी संस्थाको वैठकको निर्णयको प्रतिलिपी

(ङ) भ्याट/पान रजिष्ट्रेशन दर्ता प्रमाणपत्रको प्रतिलिपीः समूहको हकमा अनिवार्य छैन

(च) उत्पादक संस्था र खरिदकर्ता विच भएको प्रारम्भिक खरिद सम्झौता

(छ) कर वा ऋण वक्यौता नरहेको र कुनै वित्तीय संस्था वा सरकारी निकायवाट कालोसूचिमा नपरेको स्वघोषणा

(ज) अन्य निकाय वा कार्यक्रमवाट उत्पादनमूलक साझेदारी अन्तर्गत गर्न लागेका क्रियाकलापहरुमा पहिलेनै अनुदान प्राप्त नगरेको भन्ने स्वघोषणा

(झ) आयोजनाको स्टार्ट-अप अनुदान संचालन म्यानुअलको अनुसूची १७ बमोजिमको वातावरणीय तथा सामाजिक आचारसंहितामा प्रतिवद्दता

(ञ) खरिदकर्ताको हकमा

१ नागरिकता वा पासपोर्टको प्रतिलिपी

२ खरिदकर्ता कुनै कम्पनी रहेको भए कम्पनी दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र

३ खरिदकर्ता कुनै कम्पनी हो भने कुनै सदस्यलाई उत्पादक संस्थासंग खरिद सम्झौता गर्न र आवेदन पेश गर्न अधिकार प्रत्यायोजन गरेको पत्र

**पुनश्चः स्टार्ट-अप अनुदान संचालनको प्रावधान अनुरुप संयुक्त प्रोफाइलहरु प्राप्त हुनासाथ मूल्यांकन,छनोट र सम्झौता प्रकृया प्रारम्भ भैजाने हुँदा यथसम्भव चाडो प्रोफाइल पेश गर्नु हुन अनुरोध छ।**